# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## Agriculture and Forestry University
## Office of the Registrar
रामपुर, चितवन, नेपाल । Rampur, Chitwan, Nepal


मिति २०८३ भाद्र ११

**बिदा/काज रद्द सम्बन्धी**

**अत्यन्त जरुरी सूचना**

**यही मिति २०८३ भदौ १० गते भोटेकोशी नदी तथा रसुवा जिल्लाको तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दै यस बिपद्‌को घडीमा व्यवस्थापन तथा प्रतिकार्यमा सार्वजनिक निकायका कर्मचारी समेत आ–आफ्नो कार्यक्षेत्रमा क्रियाशील रहनुपर्ने अवस्थालाई दृष्टिगत गरि कुनै पनि निकायले कर्मचारीहरुलाई (कार्यालयको अत्यावश्यक कामका लागि बाहेक) काज नखटाउने तथा बिदा स्वीकृत नगर्ने निर्देशन नेपाल सरकारबाट प्राप्त भएको छ । साथै, हाललाई संघीय मन्त्रालय तथा निकायहरुले कर्मचारीलाई केन्द्रमा बोलाई गोष्ठी, सेमिनार, तालिम (संचालनमा रहेका सेवाकालीन तालिम बाहेक) वा अन्य कार्यक्रम संचालन नगर्ने/नगराउने व्यवस्था मिलाउने निर्देशन समेत प्राप्त भएको छ ।**

**अत: उक्त निर्देशनहरुको प्रभावकारी कार्यान्वयन गर्दै यस विश्वविद्यालय तथा मातहतका शिक्षक/कर्मचारीहरुको अत्यावश्यक बिदा (बिरामी, सुत्केरी, क्रिया बिदा) बाहेक बिदा स्वीकृत नगर्न, अत्यावश्यक कामका लागि बाहेक काज नखटाउन सम्बन्धित सबै निकाय प्रमुखहरुलाई निर्देशीत गरिन्छ ।**

**साथै, यस विश्वविद्यालय तथा निकायहरुका पदाधिकारी, शिक्षक, कर्मचारी बिदा (बिरामी, सुत्केरी, क्रिया, तथा अध्ययन, स्वअध्ययन बिदा बाहेक) वा काजमा भए उक्त बिदा/काज रद्द गरि आ–आफ्नो कार्यक्षेत्र, कार्यालय र निकायमा फर्कि नियमित काममा संलग्न रहन समेत निर्देशानुसार सूचित गरिन्छ ।**

(प्रा. डा. सुविर सिंह)
रजिष्ट्रार


**Central Office:** Rampur, Chitwan, Nepal
**Tel. No.:** +977-56-591655, +977-56-591777, **Fax No.:** +977-56-5992101 **Website:** www.afu.edu.np